# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## बैठक संख्या : ५७

मितिः २०७६/०५/२०

**छलफल एवं निर्णय :**

समितिको आज बसेको बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवसँग 'भिजिट नेपाल २०२०' लाई सफलताका साथ सम्पन्न गर्नका लागि निर्धारण भएको पर्यटकीय गन्तव्य स्थलहरुसम्म पुग्ने सडक मार्गहरुको अवस्थाका सम्बन्धमा विस्तृत छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

१ नेपाल भ्रमण वर्ष (भिजिट नेपाल, २०२०) लाई भव्य र सफलतापूर्वक सम्पन्न गर्न गराउन आवश्यक पर्ने पूर्वाधारहरु निर्माण गरी निश्चित गरिएका महत्वपूर्ण पर्यटकीय गन्तव्य स्थलहरुको सौन्दर्यलाई थप आकर्षक र स्तरीय बनाउनका लागि आवश्यक पर्ने कार्यहरु भ्रमण वर्ष शुरु हुनु पूर्व नै आरम्भ गरिसक्न र तत् तत् स्थानमा पुग्नका लागि निर्धारित सडकहरुबाट सहज आवत जावतका लागि गर्नु पर्ने कार्य समयभित्र सम्पन्न गर्न गराउन समिति नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देश गर्दछ ।

२ नेपाल उद्योग परिसंघ काठमाडौंले पूर्वाधार सम्बन्धी मौलिक अवधारणा प्रस्तुतिको लागि समय पाउँ भनि मिति २०७६/०५/१९ गते माननीय सभापतिलाई अनुरोध गरी पत्र पठाएको सन्दर्भमा छलफल हुँदा यहि २०७६/०५/२२ गते बिहान ८:०० बजेदेखि १०:०० बजेसम्ममा अनुरोध भई आए बमोजिमको कार्यक्रममा सिंहदरवार परिसर बाहिर उक्त कार्यक्रम आयोजना गर्ने र सो कार्यक्रममा समितिका माननीय सदस्यहरु एवं समिति सचिवालयका कर्मचारीहरु समेत सहभागी हुने गरी कार्यक्रम तय गर्न सम्बन्धित निकायलाई सचिवालयले आवश्यक समन्वय गर्ने ।

३ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

.................
(वंशीराज पौडेल)
समिति सचिव

.................
(कल्याणी कुमारी खड्का)
सभापति